गङ्गाजमुना गाउँपालिका

नीति, वार्षिक योजना, बजेट तथा कार्यक्रम

(आर्थिक ऐन तथा विनियोजित ऐन सहितको योजना पुस्तिका)

आ.व. २०८३/०८४

गङ्गाजमुना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फूलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल

गङ्गाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फूलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल



शुभकामना मन्तव्य

गङ्गाजमुना गाउँपालिकाले स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन र सीपको अधिकतम उपयोग गरी जनतालाई सहज, सर्वसुलभ र प्रविधिमैत्री दैनिक सेवा प्रवाह गर्दै सीमित स्रोत-साधनका बाबजुद पनि समाजका सम्पूर्ण वर्ग र क्षेत्रलाई समेटेर गाउँपालिकावासीहरूको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक एवं संस्थागत विकास मार्फत जीवनस्तरमा गुणात्मक सुधार ल्याउने योजनाहरू निरन्तर कार्यान्वयन गर्दै आइरहेको छ। "कृषि, पर्यटन र पूर्वाधार; समृद्ध गङ्गाजमुनाको मूल आधार" भन्ने मूल नारालाई आत्मसात गर्दै गाउँपालिकाको समानुपातिक र दिगो विकासमा विशेष जोड दिइरहेको छ।

गङ्गाजमुना गाउँपालिकाको दोस्रो सरकारको यो अवधिको अन्तिम वर्षमा प्रवेश गर्दै गर्दा, पहिलो कार्यकालको सरकारले सङ्घीयताको जग र जरा गाड्ने जुन ऐतिहासिक कार्य गरेको थियो, त्यसलाई निरन्तरता दिँदै यस कार्यकालमा सङ्घीयताको लाभ नागरिकको घरदैलोसम्म पुर्‍याउन सङ्घीयतालाई थप विस्तार र संस्थागत गरिएको छ। आगामी दिनमा आउने नयाँ जनप्रतिनिधि र सरकारलाई काम गर्न सहज होस् भन्ने हेतुले स्थानीय सरकार सञ्चालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि लगायतका कानूनी तथा संस्थागत प्रणालीको सुदृढ विकास गरिएको छ, जसले भविष्यमा दिगो सुशासनको बलियो आधार स्तम्भका रूपमा काम गर्नेछ।

आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेटमा सुशासनतर्फ शून्य बेरुजुको लक्ष्य, O&M सर्वेक्षण र करार कर्मचारीका लागि "कर्मचारी कल्याण कोष" को व्यवस्था गरिएको छ। यस वर्षलाई हाम्रो कार्यकालमा गरेका असल र अनुकरणीय कार्यहरूको संकलन र प्रचारप्रसार गरी असल अभ्यास र सिकाइ आदानप्रदान वर्षका रूपमा लिइनेछ। शिक्षामा ICT प्रविधि, यातायात सहितको एकीकृत तथा आवासीय विद्यालय, र शिक्षक बैङ्क तथा स्वास्थ्यमा पूर्ण संस्थागत सुत्केरी, "बाल विवाह जीवन स्वाहा" अभियान, तेस्रो सन्तान जन्माउने परिवारलाई विशेष पोषण भत्ता र जेष्ठ नागरिकको घरदैलोमै निःशुल्क स्वास्थ्य जाँचको प्रबन्ध मिलाइएको छ।दलित घरपरिवारका लागि निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइएको छ। त्यसैगरी खानेपानीतर्फ "गङ्गाजमुनाको कञ्चन पानी, २०८३ मा झुल्किनेछ सफा र स्वच्छ बिहानी" अभियान मार्फत २०८३ चैत्रभित्र नमूना सफा गाउँपालिका घोषणा गर्ने लक्ष्य राखिएको छ। कृषि तथा पशु विकासमा स्थानीय उत्पादनको बजारीकरण, पक्की टनेल, धान पकेट क्षेत्र र निःशुल्क पशुपन्छी औषधि वितरण गरिनेछ भने उद्योग तथा रोजगारीतर्फ "सीप सिकौं, स्वरोजगार बनौं" अभियान, वैदेशिक रोजगारीबाट फर्किएकालाई उद्यम अनुदान र 'एक वडा, एक उत्पादन' सञ्चालन गरिनेछ। पूर्वाधार र पर्यटनतर्फ पर्यावरणमैत्री दिगो विकासमा जोड दिँदै अनिवार्य नक्सा पास, नियमित सडक मर्मत, भौतिक प्रयोगशाला स्थापना, र धार्मिक-पर्यटकीय स्थल, ट्रेकिङ ट्रेल एवं होमस्टे प्रवर्द्धनका नीति लिइएको छ। सामाजिक समावेशीकरणतर्फ ४० वर्ष पुगेका अविवाहित एकल महिलालाई भत्ता, बालमैत्री घोषणा गाउँपालिकाको घोषणका लागि पहल, र विपद् जोखिम पूर्वतयारीलाई प्राथमिकतामा राखिएको छ।

गङ्गाजमुना गाउँपालिकाको यस कार्यकालको अन्तिम वार्षिक नीति तथा कार्यक्रम र बजेट समेटेर "वार्षिक बजेट पुस्तिका" प्रकाशन हुन लागेकोमा खुसी व्यक्त गर्दै बजेट तर्जुमामा अहोरात्र खटिनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, शिक्षक तथा बुद्धिजीवी, सञ्चारकर्मी र गाउँबासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु। यस अन्तिम बजेटको प्रभावकारी कार्यान्वयन र सफलताका लागि सम्पूर्ण गाउँपालिकाबासीको पूर्ण सहयोग, समन्वय र निरन्तर सुझावको अपेक्षा गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

भक्त बहादुर लामा
अध्यक्ष

गङ्गाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फूलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल



शुभकामना मन्तव्य

गाउँपालिका भित्र रहेका समुदायको सामाजिक, आर्थिक, शैक्षिक र सुशासनका सवालमा स्थानीय सरकार जनतासँग प्रत्यक्ष रूपमा जोडिएर निरन्तर क्रियाशील रहँदै आएको छ। सीमित स्रोत र साधनको बावजुद पनि जनचाहना र आवश्यकताहरूलाई सम्बोधन गर्नु हाम्रो मुख्य जिम्मेवारी तथा चुनौती रहँदै आएको छ। यसै सन्दर्भमा, नेपालको संविधानको धारा २३० को प्रयोग गर्दै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार यो कार्यकालको अन्तिम बजेट प्रस्तुत गरिरहँदा, विगतका अनुभव र हासिल भएका उपलब्धिहरूलाई जगका रूपमा लिँदै हामीले समग्र क्षेत्रलाई समेटेर आगामी आर्थिक वर्षको बजेट तयार गरेका छौँ।

हामीले यस कार्यकालको अन्तिम बजेट तर्जुमा गर्दा सबै क्षेत्रका नीति तथा कार्यक्रमहरूलाई सूक्ष्म ढङ्गले सम्बोधन गरेका छौँ। यसअन्तर्गत निःशुल्क र प्रविधिमैत्री शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, निःशुल्क एम्बुलेन्स तथा हवाई उद्धार, र 'एक घर, एक धारा' नीतिसहित २०८३ चैत्रभित्र पालिकालाई नमूना सफा र स्वच्छ गाउँपालिका घोषणा गर्ने लक्ष्य राखिएको छ। साथै कृषिमा उत्पादनमा आधारमा अनुदान, 'एक वडा एक कृषि पकेट क्षेत्र', मुख्य सडकहरूको स्तरोन्नति, ग्रिन ट्रेकिङ ट्रेल, र AI सहितको प्रविधिमैत्री सुशासनलाई प्राथमिकताका साथ बजेटमा समावेश गरी मुलतः नेपालको संविधान संघिय सरकार, प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, गङ्गाजमुना गाउँपलिकाको आर्थिक ऐन, २०८३, गङ्गाजमुना गाउँपलिकाको विनियोजित ऐन, २०८३ का सिद्वान्त र प्राथमिकता, स्थानीय सरकारद्वारा निर्मित ऐन, नियम, कानुन, कार्यविधि, मापदण्ड, निर्देशन, गाउँसभा र कार्यपालिकाका निर्णयहरू, गाउँपालिकाको स्वमुल्यांकनको आधार, दिगो विकास लक्ष्य, स्थानीय आम नागरिकको चासो र आवश्यकतालाई मुख्य आधार बनाई स्थानीय सरकारले गरेको कार्यानुभव, विभिन्न क्षेत्रका सरोकारवालहरूबाट प्राप्त महत्वपूर्ण सुझाव समेतलाई समेटि गाउँपालिका भित्रका नागरिकलाई स्वरोजगार बनाउन स्थानीय स्रोत, श्रम सिपको प्रयोग गरि विकास योजना संचालन गर्ने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पँजीगत खर्चको अंश बढाउने, चालु खर्चमा मितव्ययीत ल्याउने, फजुल खर्च नियन्त्रण गर्ने जस्ता नीति अख्तियार गरिएको छ। योजना तथा कार्यक्रम छनौटमा साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरपनलाई न्युनिकरण गर्न, प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका विचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था भएको छ। योजना तर्जुमाका विभिन्न चरणहरू पार गर्दै १९ औं गाउँसभाको अधिवेशनबाट स्वीकृत भएको आ.व. २०८३/०८४ को **वार्षिक बजेट पुस्तिका**ले समग्र पालिकाको विकासमा स्पष्ट दिशा निर्देश गर्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, यो कार्यकालको अन्तिम बजेट निर्माणमा अहोरात्र खटिनुहुने सम्पूर्ण गाउँसभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, समाजसेवी, शिक्षक तथा बुद्धिजीवी, सञ्चारकर्मी र सम्पूर्ण गाउँवासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु। यस बजेटको प्रभावकारी कार्यान्वयन र सफलताका लागि जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, निजी क्षेत्र र सम्पूर्ण गाउँपालिकावासीहरूबाट निरन्तर रचनात्मक सुझाव र पूर्ण सहयोगको हार्दिक अपेक्षा गर्दछु।

धन्यवाद !

रामेश्वर सिंखडा
उपाध्यक्ष

गङ्गाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फूलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल



शुभकामना मन्तव्य

गङ्गाजमुना गाउँपालिकाको समग्र, सन्तुलित र दिगो विकासका लागि आर्थिक वर्ष २०८३/०८४ मा सङ्घ तथा प्रदेशबाट प्राप्त अनुदान र हस्तान्तरित भई आएको राजस्वहरू र गाउँपालिकाको आन्तरिक स्रोतबाट स्वीकृत बजेट तथा कार्यक्रमहरूलाई तोकिएको समयभित्रै नतिजामुखी ढंगले कार्यान्वयन गर्न एकीकृत **"वार्षिक बजेट पुस्तिका"** तयार गरी प्रकाशन गरिएको छ। यस पुस्तिकाले आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रमहरूलाई पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन गर्न स्पष्ट कार्यदिशा प्रदान गर्नेछ।

स्थानीय सरकारको रूपमा गाउँपालिकाले नागरिकलाई छिटो, छरितो र प्रविधिमैत्री सेवा प्रवाह गर्दै सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ। यसै सिलसिलामा, १९ औं अधिवेशनबाट पारित नीति, बजेट तथा कार्यक्रमहरूलाई समावेश गरी एकीकृत वार्षिक कार्ययोजना तयार पारिएको छ।

यस वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित कानूनी प्रावधान तथा सङ्घ र प्रदेश सरकारका नीतिगत मार्गदर्शनहरूलाई मुख्य आधार मानिएको छ। सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान, सङ्घ तथा प्रदेशबाट बाँडफाँट भई आउने राजस्वका साथै गाउँपालिकाको आन्तरिक राजस्वलाई समेत एकीकृत गरी कूल रु. ६२,७४,९८,०००/- (बैसठ्ठी करोड चौहत्तर लाख अट्ठानब्बे हजार) को बजेट विनियोजन गरिएको छ। बजेटमा पूर्वाधार विकास, गुणस्तरीय शिक्षा र स्वास्थ्य, कृषि तथा पर्यटन प्रवर्द्धन, सामाजिक समावेशीकरण एवं AI तथा ICT मा आधारित सुशासन जस्ता दूरगामी प्राथमिकताहरूलाई समेटिएको छ।

अन्त्यमा, आ.व. २०८३/०८४ को योजना तथा बजेट तर्जुमा प्रक्रियामा महत्त्वपूर्ण मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरू, राजनीतिक नेतृत्व, विषयगत शाखा प्रमुख लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी, शिक्षक तथा बुद्धिजीवी एवं आम गाउँवासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु। विनियोजित बजेट र स्वीकृत कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाहरूबाट विगतमा जस्तै रचनात्मक सहयोग, समन्वय र सहकार्यको निरन्तर अपेक्षा गर्दछु।

धन्यवाद !

सुदिप ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

विषयसूची

आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम १

आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम ११

गङ्गाजमुना गाउँपालिकाको आर्थिक ऐन, २०८३ ..... २०

विनियोजन ऐन, २०८३ ..... ४२

आ.व. २०८३/८४ को विनियोजित बजेट ४४

शान्ति नेपाल ८९

NARAA-Nepal ९२

प्रयास नेपाल ९३

गाउँपालिकाका अध्यक्ष श्री भक्त वहादुर लामा ज्यूले आ.व.२०८3/०८४ को गरिमामय गाउँसभाको १९ औँ अधिवेशन समक्ष प्रस्तुत गर्नु भएको

गङ्गाजमुना गाउँपालिकाको

नीति तथा कार्यक्रम

सम्बत् २०८३ साल आषाढ ७ गते आइतबार

गङ्गाजमुना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फूलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल

गाउँपालिकाका अध्यक्ष श्री भक्त वहादुर लामा ज्यूले आ.व.२०८३/०८४ को गरिमामय गाउँ सभाको १९ औँ अधिवेशन समक्ष प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

आजको यस गरिमामय गाउँ सभामा उपस्थित,

जिल्ला समन्वय प्रमुखज्यू,

उपाध्यक्ष ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरू,

गाउँपालिकाका कर्मचारी साथीहरू लगायत सम्पूर्ण उपस्थित महानुभवहरू,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने विभिन्न राजनीतिक दलका नेता तथा प्रतिनिधिज्युहरू, शिक्षक तथा बुद्विजिवीहरू, सञ्चारकर्मीहरू, सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी वहिनीहरू लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

गाउँपालिकालाई "**कृषि, पर्यटन र पुर्वाधार; समृद्ध गङ्गाजमुनाको मूल आधार**: तयार गर्न यस नीति तथा कार्यक्रमले भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, कृषि, पर्यटन क्षेत्रहरूलाई प्रमुख प्राथमिकताको रूपमा राखेका छौं।

यस नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

१. नेपालको संविधान,

२. प्रचलित कानूनी ब्यवस्था,

३. संघीय, प्रदेशका नीतिहरू,

४. आवधिक योजनाका लक्ष्यहरू र एवम् अनुभव तथा सिकाइ आदि रहेका छन्।

सभा सदस्य ज्यूहरू,

अब म आर्थिक वर्ष २०८३/०८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।

सुशासन तथा संस्थागत विकास

१. गाउँपालिकाको कार्यालयहरूबाट प्रवाह हुने सेवा, विकास निर्माण जस्ता गतिविधिहरूलाइ पारदर्शी बनाइ सुशासन प्रवर्द्धन गर्ने कार्यक्रमहरू कार्यान्वयनलाई थप व्यवस्थित बनाइने छ।

२. सबै कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गरी प्रचलित नियम कानूनहरूको परिपालानामा जोड दिई सुशासनलाई प्रवर्द्धन गरी बेरुजू न्यूनीकरणलाई जोड दिइनेछ।

३. यस आ.व.मा चार करोडभन्दा बढी गत बर्षहरूको बेरुजु सम्परिक्षण गरिएको र बेरुजु सम्परिक्षण कार्यलाई निरन्तरता दिई बेरुजु रकम घटाइनेछ।

४. आ.व. २०८१/८२ को बेरुजु यस पालिका स्थापना भएदेखीकै सबै भन्दा कम रु ६५ लाख बेरुजु कायम हुन आएको छ। प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन नियमको पालनामा जोड दिई शुन्य बेरुजु बनाउन गाउँपालिकाले जोड दिईनेछ।

५. स्थानीय सरकारमा जनप्रतिनिधिको दोस्रो कार्यकालको चौथो वर्ष पुरा भई पाचौं वर्ष अर्थात अन्तिम वर्ष चलिरहेको सन्दर्भमा आगामी आ.व.लाई गाउँपालिकाहरूले गरेका असल र अनुकरणीय अभ्यासहरूको संकलन प्रकाशन र प्रचारप्रसार गर्ने कार्यलाई प्राथमिकता दिई असल अभ्यास र सिकाई आदान प्रदान वर्षको रूपमा वर्षै भरी गतिविधिहरू संचालन गरिनेछ।

६. नेपाल सरकारले तीन तहकै संगठन तथा व्यवस्थापन (O&M Survey) सर्वेक्षण मापदण्ड जारी गरिसकेको छ। मापदण्ड बमोजिम गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी प्रदेश कितावखानामा पद दर्ताको लागि आवश्यक कार्वाही अगाडी बढाइनेछ।

७. गाउँपालिकाको कार्यालय अन्तर्गत विभिन्न विषयसँग सम्वन्धित प्राविधिक तथा प्रशासनिक कर्मचारीका करार सेवाका सबै तहका कर्मचारीहरूको निवृत्त हुँदा वा करार सेवाबाट हट्दा रित्तो हात फर्कनु पर्ने अवस्था भएकाले त्यस्ता कर्मचारीहरूलाई आवश्यक कार्यविधि बनाइ केही आर्थिक राहत पुर्याउने उद्देश्यले गाउँपालिका एक कर्मचारी कल्याण कोष को व्यवस्था गरिने छ। करार कर्माचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्व गर्नका लागि दिगो स्रोत व्यवस्थापनका लागि थप अध्ययन गरिनेछ।

८. विकास निर्माण कार्यलाई व्यवस्थित पारदर्शी र गुणस्तरीय बनाउन अनुगमन निरीक्षण सुपरीवेक्षणलाई सुधार गर्न आधुनिक प्रणालीलाई प्रयोगमा ल्याई थप व्यवस्थित गरिनेछ।

९. न्यायिक समितिको अधिकारक्षेत्र बाहिरका विवादका सम्बन्धमा न्यायिक सहजिकरण गरी आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई निःशुल्क कानूनी उपचारका लागि जिल्ला बार सँग समन्वय गरिनेछ।

शिक्षा,युवा तथा खेलकुद तर्फ

१. सम्पूर्ण सामुदायिक विद्यालयमा आवश्यक ICT सामाग्री वितरण गरी कक्षाकोठा शिक्षण सिकाइलाई प्रविधि मैत्री बनाइने छ।

२. यातायात सहितको एकीकृत तथा आवासीय विद्यालय सञ्चालनको नीति अवलम्बन गरिने छ ।यसको लागि समुदाय स्तरबाट पहल गर्ने विद्यालयलाई प्रोत्साहन गरिने छ।

३. विश्वविद्यालय तथा अन्य संघसंस्थाको सहकार्यमा शिक्षकको पेसागत विकास गरी स्मार्ट शिक्षकको रूपमा विकास गरिने छ।

४. गाउँपालिका अनुदान शिक्षक दरवन्दिलाई घटाउँदै शिक्षण गरेको पिरियडका आधारमा भुक्तानी हुने गरी शिक्षक अभावलाई कम गर्न दरवन्दि मिलान र गाउँपालिका शिक्षक बैङ्कको व्यवस्था गरिने छ।

५. जनसंख्या र भौगोलिकताका आधारमा विद्यालय सञ्चालन गर्न चालु शैक्षिक सत्र भित्र विद्यालय नक्साङ्कन गरिने छ।

६. बिचैमा विद्यालय छोडेका बालबालिकाहरूलाई आधारभुत तह पुरा गराउन विशेष वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

७. सामुदायिक सिकाइ केन्द्रलाई वडाको सुचना केन्द्रको रूपमा विकास गरिने छ।

८. शिक्षक र विद्यार्थीको प्रतिभा प्रस्फुटन सम्बन्धी साहित्यिक कार्यक्रम गङ्गाजमुना आवाज प्रकाशन गरिने छ।

९. उत्कृष्ट सिकाइ उपलब्धि ल्याउने विद्यार्थी र शिक्षण गर्ने शिक्षकलाई सम्मान गरी प्रोत्साहित गरिने छ।

१०. माध्यमिक विद्यालयमा माध्यमिक तहका स्थायी दरवन्दिका शिक्षकलाई प्रधानाध्यापक बनाउने नीति अवलम्बन गरिने छ।

११. निवृत्तभरण भइ स्व ऐच्छिक अवकाश हुने चाहने शिक्षकहरूलाइ प्रोत्साहित गरिने छ।

स्वास्थ्य सेवा तर्फ

१. गाउँपालिकाको पहिचानको लागि पूर्ण संस्थागत सुत्केरी तथा पूर्ण खोप सुनिश्चितता र दीगोपना घोषणा कार्यक्रमलाइ निरन्तर सञ्चालन र दीगो बनाउन आबश्यक व्यवस्था गर्दै बालमैत्री स्थानीय तह र पोषण मैत्री स्थानीय तह घोषणाका सुचकहरू पूरा गर्न आबश्यक कार्यहरू सघन रूपमा सञ्चालन गरिने छ।

२. "बाल विवाह जीवन स्वाहा" भन्ने नाराका साथ गाउँपालिका भित्र रहेका बाल विवाहलाइ अन्त्यका लागि बिभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ साथै निशुल्क एम्बुलेन्स सेवा , ग्रामिण अल्ट्रा साउन्ड कार्यक्रम तथा "स्वस्थ आमा स्वस्थ समाज" कार्यक्रम अन्तरगत स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलाहरूलाई पोषण प्याकेजको व्यवस्था गरिने छ।

३. निरन्तर घट्दै गईरहेको जनसङ्ख्याको अवस्थालाई मध्यनजर गर्दै स्थायी रूपमा बसोबास गर्ने तेस्रो सन्तान जन्म दिने परिवारलाई ३ वर्षसम्म विशेष पोषण भत्ताको व्यवस्था गरिनेछ।

४. बढ्दै गएको नसर्ने रोगहरू तथा मानसिक रोगहरूको प्रभाव न्युनीकरणका लागि स्वास्थ्य सचेतना, स्क्रिनिङ गरि समयमा नै रोगको पहिचान गरी उपचारमा ल्याउन आबश्यक उपकरण तथा बिशेषज्ञ सहितको घुम्ती शिविरहरू संचालन गरी जेष्ठ नागरिकहरलाई घरदैलोमा निशुल्क रूपमा जाँच गरिने व्यवस्था मिलाईने छ।

५. गाउँपालिका भित्र रहेका एम्बुलेन्स सेवा व्यवस्थापन गर्नका लागि आबश्यक पहल गरिने छ। साथै सञ्चालनमा रहेका एम्बुलेन्सहरूको सेवा निरन्तरताका लागि मर्मत संभारको व्यवस्था गरिने छ।

६. बच्चाहरूमा हुने कम तौल तथा कुपोषणको समस्या समयमै पहिचान गर्न नियमित रूपमा तोकिएको केन्द्रमा तौल लिन आउने बच्चाको परिवारलाई प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७. यस गङ्गाजमुना गाउँपालिकामा संचालित गङ्गाजमुना आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरू बाट प्रदान गरिने स्वास्थ्य सेवालाई समय अनुकुल थप गर्दै गुणस्तरीय तथा भरपर्दो बनाउन आवश्यक औजार, उपकरण तथा सामाग्रीको व्यवस्था गरिनेछ ।

८. यस पालिका भित्र रहेको अस्पताल, स्वास्थ्य चौकीहरूमा आवश्यकता अनुसार भवन निर्माण, भौतिक सुधार ,मर्मत, घेराबार तथा कम्पाउण्डकको व्यवस्था गरिने छ ।

९. सबै स्वास्थ्य संस्थाहरूमा इ-हाजिरीको व्यवस्था गरि संस्थागत सुशासनलाइ प्रभावकारी तुल्याइने छ ।

१०. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न,स्वास्थ्य कर्मीहरूको क्षमता बिकास तथा उत्प्रेरणाको लागि नमुना स्वास्थ्य संस्थाको भ्रमणको व्यवस्था मिलाईने छ ।

११. सामुदायिक महिला स्वास्थ्य स्वंसेविकाहरूले प्रदान गरेको सेवाको उच्च सम्मान गर्दै प्रोत्साहनको व्यवस्था गरिने छ ।

१२. दलित घरपरिवारलाई दिदै आईरहेको निशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिदै बिमा कार्यक्रमलाई प्रर्वद्धन गरिने छ ।

१३. यस गाउँपालिकामा संचालनमा रहेको गङ्गाजमुना आधारभुत अस्पतालमा आबश्यक कर्मचारीहरूको व्यवस्थापन गरि सेवाको गुणस्तर बृर्दि गर्न नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय द्वारा मिति २०८२/०१/०८ मा स्वीकृत भएको आधारभुत अस्पताल सञ्चालन मापदण्ड, २०८१ बमोजिम कर्मचारीहरू व्यवस्थापन गरिने छ ।

खानेपानी तथा सरसफाई तर्फ

१. "गङ्गाजमुनाको कञ्चन पानी, २०८३ मा झुल्किनेछ सफा र स्वच्छ बिहानी" भन्ने नारा सहित २०८३ चैत्र भित्र गङ्गाजमुना गाउँपालिकालाई नमूना सफा तथा स्वच्छ गाउँपालिका घोषणा गरिनेछ ।

२. खानेपानीको मुलहरूको पहिचान र गुणस्तर परिक्षण गरी गाउँपालिकामा नै खानेपानी को गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ ।

३. एक घर एक धारा निर्माण आयोजनाहरूमा अनिवार्य मिटर जडानको व्यवस्था साथै मर्मत सम्भार कोषको सुनिश्चित गरिनेछ ।

४. जलवायु परिवर्तनले गर्दा खानेपानीहरूको मुहान सुक्दै गएको समस्यालाई न्युनीकरण गर्न जलावायु अनुकुलित खानेपानी योजनाहरू छनौट गरि कार्यान्वयनमा लाने नीति लिईनेछ ।

५. वाह्य उत्पादित पेय पदार्थहरूलाई निरुत्साहित गर्दै घरेलु पेय पदार्थहरू प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

कृषि विकास तर्फ

१. कृषकहरूलाई स्थानीय उत्पादनको उत्पादन र बजारीकरण वृद्धि गर्नका लागी प्रोत्सहान गरिने छ।

२. कृषकहरूलाई तरकारिको मौसमी र बेमौसमी उत्पादनमा सहजीकरण गर्दै आत्मनिर्भर बनाउन पक्की टनेल बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. परम्परागत निर्वाहमुखी कृषिलाई आधुनिक, व्यावसायिक र दिगो बनाउन प्रविधि तथा सीप विकास गर्न कृषकहरूलाई तालिमको व्यवस्था गरिनेछ।

४. ६ नं. वडामा संचालन रहेको धान पकेट क्षेत्रको रूपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५. आकस्मिक रूपमा बालि नालीमा देखा पर्ने र महामारीको रूपमा फैलिने रोग र किराको रोकथामको आवश्यक प्रबन्ध मिलाइनेछ।

पशु विकास तर्फ

१. औषधि व्यवस्था विभागले तयार पारेको पशुपन्छीमा प्रयोग हुने अत्यावश्यक औषधिमा कृषकको पहुँच बढाउनको लागि औषधि खरिद गरि निशुल्क वितरणको प्रवन्ध मिलाइनेछ।

२. कृषकहरूलाई सहजसेवा पुर्याउनको लागि वडामा भएका पशु स्वास्थ्य कर्मचारीहरूलाई टोल टोलमा गई सेवा प्रदान गरिनेछ|

३. पशुपन्छीमा लागाईने विभिन्न खोपको गुणस्तर कायम राख्न यस पालिकाको सबै वडामा फ्रिजको व्यवस्था गरिनेछ।

४. दुध ,मासु ,अन्डा, जस्ता पशु जन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यले एक वडा एक पकेट कार्यक्रम संचालन गरिनेछ|

उद्योग, व्यवसाय तथा सहकारी तर्फ

५. गड्गाजमुना गाउँपालिकामा रहेका बजारहरू व्यवस्थित रूपमा संचालन गर्न गाउँपालिका र वडा कार्यालयको समन्वय र सहकार्यमा अनुगमन प्रणालीलाई व्यवस्थित बनाइने छ।

६. यस गाउँपालिकाभित्र सञ्चालित व्यवसायहरूलाई करको दायराभित्र ल्याउन गाउँपालिकाबाट कर शिक्षा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

७. सहकारी संस्थाहरूको नियमन तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ।

८. निष्कृय रहेका सहकारी संस्थालाइ सक्रियता वा खारेजी प्रक्रियामा लगिने छ।

९. कोपोमिस प्रणालीलाई अनिवार्य रूपमा सम्पूर्ण सहकारी संस्थाहरूमा कार्यान्वयनमा ल्याइनेछ। साथै अन्य प्रयोगमा आएका प्रणालीहरूलाई कोपोमिससँग आवद्ध गरिनेछ।

रोजगार तथा उद्यमशीलता तर्फ

१. आगामी आ.व. देखि रोजगार, सीप र उद्यमशीलतासम्बन्धी एकीकृत सेवा प्रवाहलाई वडा तहसम्म लागत साझेदारी गरी थप प्रभावकारी बनाइनेछ।

२. वैदेशिक रोजगारीमा जानेहरूका लागि श्रम स्वीकृति, जिल्लामै स्वास्थ्य परीक्षण र अभिमुखीकरणको व्यवस्था मिलाउनुका साथै फर्किएका युवाहरूलाई सीपका आधारमा स्थानीय स्तरमै उद्यम अनुदान दिइनेछ।

३. "सीप सिकौँ, स्वरोजगार बनौँ" भन्ने नाराका साथ सीप परीक्षण, कार्यस्थलमा आधारित तालिम, महिला लक्षित कार्यक्रम र सामुदायिक आयोजनाहरूमा श्रममूलक प्रविधिको प्रयोग गरी आन्तरिक रोजगारी सिर्जना गरिनेछ।

४. गड्गाजमुना गाउँपालिकालाई बेरोजगार मुक्त बनाउन रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाउँदै 'एक वडा, एक उत्पादन' र 'युवा उद्यमशीलता' मार्फत निजी क्षेत्र र सरोकारवालासँग सहकार्य गरिनेछ।

५. "श्रमको सम्मान राष्ट्रको अभियान" अन्तर्गत कामको सम्मान गर्ने परिपाटी बसाल्दै, विप्रेषणलाई उत्पादनमा जोड्ने र बेरोजगारहरूलाई न्यूनतम रोजगारी तथा सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ।

भौतिक पूर्वाधार विकास तर्फ

१. भौतिक पूर्वाधार निर्माण सम्बन्धिकार्य गर्दा प्राकृतिक सुन्दरता कायम राख्दै पर्यावरण मैत्री दिगो विकासमा जोड दिइनेछ।

२. गाउँपालिकाभित्र निर्माण हुने आर.सि.सि. पक्की भवनहरूको अनिवार्य रूपमा नक्सा पास गरेर मात्र भवन निर्माण सुरु गर्ने र यस भन्दा पहिले बनिसकेको भवनलाई अभिलेखिकरण गर्ने व्यवस्था गरिनेछ।

३. "नियमित मर्मत संभार : दिगो सडकको आधार" को मर्म अनुसार पालिका स्तरका सडकको नियमित मर्मत संभार कार्यलाई योजनाबद्ध रूपमा अगाडी बढाइने छ।

४. गुणस्तरिय आयोजनाहरू निर्माणको लागि पालिका स्तरीय गुणस्तर परीक्षणको लागि भौतिक प्रयोगशाला स्थापना गरिनेछ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ

१. ४० वर्ष पुगेका अविवाहित एकल महिलाहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ।

२. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा कार्यविधि, २०७९ अनुसार स्थानीय बालमैत्री गाउँपालिका घोषणाका लागि पहल गरिनेछ।

३. अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता सामग्री वितरणका लागि पहल गरिनेछ।

४. लैङ्गिक विभेदको अन्त्य गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

५. महिला समूह तथा आमा समूहहरूको नेतृत्व विकासका लागि उद्घोषण तालिम सञ्चालन गरिनेछ ।

६. बालबालिकाको प्रतिभा प्रस्फुटन तथा विकासका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ । (क्रम सङ्ख्या सच्याइएको)

७. बालविवाह, महिला हिंसा तथा सामाजिक कुरीति न्यूनीकरण कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

८. ज्येष्ठ नागरिकहरूका लागि मनोरञ्जन तथा धार्मिक स्थल भ्रमणको व्यवस्था गरिनेछ ।

युवा तथा खेलकुद विकास

१. खेलकुद प्रवर्द्धनको लागि वडा स्तरीय र पालिकास्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

२. पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा आवश्यक प्रशिक्षण सहित सबै बिधामा बिद्यार्थीहरूलाइ सहभागी गराउने प्रबन्ध गरीने छ ।

पर्यटन विकास

१. गङ्गाजमुना गाउँपालिका भित्र पहिचान भएको धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको विकास गरिनेछ ।

२. यस गाउँपालिका भित्र रहेको हिमाल अवलोकन गर्ने स्थल पर्यटकीय पूर्वाधार निर्माण गरी जङ्गल हाईकिङ्ग, ट्रेकिङ्ग, पिक्निक स्पोर्ट क्षेत्रमा विकसित गरिनेछ ।

३. पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालासँग समन्वयमा गाउँ गाउँमा होमस्टेको व्यवस्था र प्रवर्द्धन गरी आयमुलक व्यवसायको रूपमा विकास गरिनेछ ।

वन,वातावरण तथा विपद् व्यवस्थापन समिति

१. समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा दीगो वन व्यवस्थापनका माध्यमबाट वन, जैविक विविधता, जलधार तथा सिमसार क्षेत्रको संरक्षण गर्दै वन पैदावरको उत्पादन तथा उपयोग मार्फत वातावरण संरक्षण, रोजगारी सिर्जना र आयआर्जन वृद्विमा जोड दिइनेछ ।

२. वातावरण प्रतिकुल नहुने गरी खानीजन्य नदीजन्य ढुङ्गा, गिटि, बालुवा सकंलन र वितरण गर्नका लागि आवश्यक प्रवन्ध मिलाईने छ ।

३. विपदबाट हुने जोखिम र क्षतिलाई पुर्वआँकलन गरी विपद् व्यवस्थापनका लागि चाहिने आवश्यक राहतका सामग्रीहरूको समयअघि नै भण्डारण गरी राखिनेछ ।

४. गाउँपालिकामा विपद् पूर्व तयारी ,जोखिम आँकलन ,जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनर्लाभका क्रियाकलापका समन्वयात्मक ढङ्गबाट संचालन गरिने छ ।

गाउँसभाका सदस्य ज्यूहरू,

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमबाट गाउँपालिकाबासीका आधारभूत आवश्यकताहरू परिपूर्ति भई जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, गाउँपालिकामा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट गाउँपालिका बासी आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिकरण र वहिस्करणमा परेका वर्ग, क्षेत्र तथा समुदायहरूको विकासमा मूल प्रवाहीकरण भई समावेशीताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्रको सवलीकरण भई लोकतन्त्रका लाभहरूको समन्यायिक वितरण हुने विश्वास लिएको छु ।

अन्त्यमा,

माथि उल्लेखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका, वडाहरू र सम्पूर्ण गङ्गाजमुना बासी दाजुभाई दिदी वहिनीहरूको योगदान र सहयोग हुने विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरू, सभाका सदस्यहरू, राष्ट्र सेवक कर्मचारीहरू, नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत तथा सम्पूर्ण गाउँपालिकाबासीहरूलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

धन्यवाद !

सम्बत् २०८३ साल अषाढ ७ गते सोमबार ।

प्रस्तुतकर्ता
भक्त वहादुर लामा
अध्यक्ष
गङ्गाजमुना गाउँपालिका

गङ्गाजमुना गाउँपालिकाको

उपाध्यक्ष श्री रामेश्वर सिम्खडाज्युद्वारा प्रस्तुत

आ.व. २०८३/८४ को बजेट बक्तब्य

२०८३



गङ्गाजमुना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फूलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल

गड्गाजमुना गाउँपालिकाका उपाध्यक्ष श्री रामेश्वर सिम्खडाज्यूले गाउँसभाको १९ औं अधिवेशन समक्ष मिति २०८३/०३/०७ गते प्रस्तुत गर्नु भएको बजेट वक्तव्यः

यस गाउँपालिकाको गरिमामय गाउँसभाको १९ औं अधिवेशनका श्रद्धेय सभाध्यक्ष तथा गड्गाजमुना गाउँपालिकाका अध्यक्ष श्री भक्त वहादुर लामाज्यू,

प्रमुख अतिथि जिल्ला समन्वय प्रमुख श्री नवराज अधिकारी क्षेत्रीज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

सभाका सदस्यज्यूहरू, राष्ट्रसेवककर्मचारी साथीहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू,

१. वि.सं. २०८३ साल आषाढ ७ गते आइतबारको दिन बागमती प्रदेश धादिङ, जिल्लाको पर्यटकीय स्थल ऐतिहासिक एवं रमणीय ठाउँ गड्गाजमुना माई धार्मिक स्थलको नामबाट स्थापित यस गड्गाजमुना गाउँपालिकाको आगामी आ.व. २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उपस्थित हुँदा गौरवान्वित भएको छु । यस गौरवपूर्ण अवसरमा २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, महान दश वर्षे जनयुद्ध,तथा शसस्त्र आन्दोलन,२०६२/६३ सालको १९ दिने जनआन्दोलन, मधेश आन्दोलन, २०८२ भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलन लगायतका विभिन्न कालखण्डका राजनैतिक सामाजिक अधिकार प्राप्तिका लागि नेपाली जनताको बलिदान पूर्ण संघर्ष र आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलनको क्रममा घाइते हुनु भएका घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै वेपत्ता नागरिकहरूप्रति सम्मान प्रकट गर्दछु । साथै मुलुकको राजनैतिक, आर्थिक एवम् सामाजिक परिवर्तनका लागि युगान्तकारी ढड्गले नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने राजनैतिक नेतृत्व लगायत सम्पूर्ण महानुभावहरूप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

२. स्थानीय सरकार आफैंमा अधिकार सम्पन्न छ । सिंहदरबारको अधिकार गाउँ गाउँमा भन्ने नीतिलाई व्यवहारमा लागू गर्दै संविधानमा व्यवस्था गरिएका संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक, समावेशी, समानुपातिक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य लिइएको छ । एकल अधिकारअन्तर्गत आफ्नो क्षेत्रभित्रका विषयमा कानुन बनाउने, नियमन गर्ने वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने जस्ता कार्य सम्पादन हुन्छ । सोही अनुरूप यस गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास गरी जनमुखी उत्कृष्ट सेवा प्रवाहमा जोड दिन आवश्यक ठान्दछु ।

आदरणीय सभाका सभाध्यक्षज्यू,

३. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सुशासन प्रवर्धन, ग्रामीण स्वास्थ्य सेवा, भौतिक पूर्वाधार विकास, कृषि प्रवर्द्धन, गुणस्तरीय शिक्षाको विकास, वातावरण मैत्री ग्रामिण शहरको व्यवस्थापन, पर्यटन विकास, होमस्टे

प्रवर्द्धन, विपद् व्यवस्थापन तथा क्षमता विकास, गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरणका सवालहरू, बालमैत्री स्थानीय शासन पद्धति, गुणस्तरीय सेवा सुविधामा गाउँपालिकाबासीको पहुँच अभिवृद्धि हुने अवसर सृजना, सुदृढ आर्थिक विकास, पारदर्शिता र निर्वाचित जनप्रतिनिधिहरूलाई विकास प्रकृयाको क्रममा सबल र सक्षम बनाउने आधारलाई बजेट निर्माणको सोचको रूपमा लिएको छु ।

४. नेपाली जनताको त्याग र बलिदानीबाट प्राप्त नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सुशासनको माध्यमबाट सार्वभौम गाउँपालिकाबासीहरूलाई आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक, समावेसी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै आफ्नो समाज र क्षेत्रको विकासका लागिस्रोत साधनको विनियोजन, परिचालन गर्ने जिम्मेवारी र अधिकारको अधिकतम उपयोग गर्दै जवाफदेहिता वहन एवम् पारदर्शितालाई मनन् गरी आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

५. मैले मूलतः वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा नीतिमा अवलम्वन गरिएका आधारहरू अनुरूपगाउँपालिकाको आवधिक योजना, दीगो विकासका लक्ष्यहरू, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, सोह्रौँ योजनाका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू, नेपाल सरकारले अन्तर्राष्ट्रियजगतमा गरेका सन्धी तथा प्रतिवद्धताहरू, संघ, प्रदेश सरकारबाट जारी नीति, कानून, मापदण्डहरूकासाथै क्षेत्रगत गुरुयोजनाहरू र विगतका आर्थिक वर्षका योजना तथा कार्यक्रमहरूलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।साथै गत आ.व.हरूबाट लागु भएको गाउँपालिकाबाट छनौट भएका पालिका गौरबका आयोजनाहरूलाई निरन्तरता दिदैविकासका मूलभूत सिद्धान्तलाई व्यवहारमा उतार्न क्षेत्रगत नीति, रणनीति, कार्यनीति र कार्यक्रम बनाई प्रस्ताव गरेको छु । यसबाट नतिजामूखी वजेट प्रणालीको विकास भई नागरिक प्रति जवाफदेही, जिम्मेवारी र उत्तरदायी प्रशासनको प्रवर्द्धन हुने अपेक्षा गरेको छु ।

आदरणीय सभाका सभाध्यक्ष महोदय एवम् सभाका सदस्यज्यूहरू,

६. आगामी आर्थिक वर्षको बजेट जनआकांक्षा, आवश्यकता, नयाँ परिस्थितिले सिर्जना गरेका चुनौतीहरूलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनुपर्छ भन्नेमा म सजग छु । यस अवस्थामा सबै गाउँपालिकावासीहरूको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र पूर्वाधार विकास निर्माणको आधार तय गर्दै अगाडी बढ्ने गरी मैले बजेट तर्जुमा गरेको छु ।

७. गाउँपालिकाले सीमित स्रोत र साधनको उच्चतम उपयोगमार्फत पूर्वाधार विकास, आर्थिक तथा सामाजिक क्षेत्रको उत्साहप्रद प्रगतिका लागि कदम चालिरहेको बेहोरा अनुरोध छ ।

८. अव म आगामी आर्थिक वर्ष २०८३÷८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु । बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) विपद् व्यवस्थापन र जीवन रक्षा: सबै प्रकारका प्रकोप र महामारीबाट नागरिकको जीउज्यानको रक्षा गर्दै सुरक्षित जनजीवनको सुनिश्चितता गर्ने।

ख) गुणस्तरीय शिक्षा र मानव विकास: विद्यालयको भौतिक र प्रविधिमैत्री सुधार, प्राविधिक शिक्षामा जोड र विपन्नलाई छात्रवृत्ति मार्फत दक्ष जनशक्ति निर्माण गर्ने।

ग) सुलभ स्वास्थ्य र पोषण: आधारभूत स्वास्थ्य सेवा, औषधि र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्दै स्वास्थ्य बिमा र पोषण कार्यक्रमको विस्तार गर्ने।

घ) स्वच्छ खानेपानी र स्वच्छता (मिशन २०८३): "एक घर, एक धारा" को लक्ष्य पूरा गर्ने र दिगो फोहोरमैला व्यवस्थापन मार्फत वर्ष २०८३ भित्र पालिकालाई नमूना सफा र स्वच्छ गाउँपालिका घोषणा गर्ने।

ङ) स्थानीय अर्थतन्त्र र समृद्धि: सङ्घ र प्रदेशको लक्ष्यसँग तादात्म्य मिलाई सहकारी, निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्यमा कृषि, पर्यटन र उद्यमशीलताको विकास गरी समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

च) उत्थानशील र योजनाबद्ध पूर्वाधार: आवधिक योजना र यातायात गुरुयोजनाका आधारमा सडक स्तरोन्नती र पक्की पुल निर्माण गर्नेसाथै बायो-इञ्जिनियरिङ् प्रविधि अपनाई जलवायु अनुकूलित पूर्वाधार बनाउने।

छ) सरलीकृत सेवा प्रवाह र प्रविधि: गाउँपालिका, वडा र स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई प्रविधिमैत्री, पारदर्शी र झन्झटरहित बनाउने।

ज) साझेदारी र सशक्तीकरण: गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी नागरिक सचेतना, सरसफाइ र लक्षित वर्ग (महिला, दलित, विपन्न) को आर्थिक-सामाजिक सशक्तीकरण गर्ने।

झ) सुशासन र सदाचार प्रवर्धन: प्रशासनिक कार्यलाई पारदर्शी र जवाफदेही बनाई सुशासन र नागरिकका मौलिक हकको ग्यारेन्टी गर्ने।

ञ) नतिजामूलक विकास व्यवस्थापन: योजना तर्जुमा र अनुगमन प्रणालीलाई सूचना प्रविधि, तथ्य र प्रमाणमा आधारित बनाई नतीजामूलक बनाउने।

९. माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छ ।

- ✓ गाउँपालिकाको गौरवका आयोजना र रणनीतिक सडक पूर्वाधार विकासका योजना,
- ✓ मुख्य सडकहरूलाई तोकिएको मापदण्ड पुरा गरी सडक स्तोन्नती गरिने,
- ✓ बिद्यालय शिक्षा पूर्ण निःशुल्क गरी गुणस्तरीय तथा प्रविधिमैत्री शैक्षिक सिकाई उपलब्धिबृद्धिमा जोड दिनेर गाउँ शिक्षा योजना (२०८३/८४-२०९२/९३) कार्यान्वयन गर्ने,
- ✓ गङ्गाजमुना आधारभूत अस्पतालबाटगुणस्तरीय सेवा विस्तार गरिने,
- ✓ पर्यटन पूर्वाधार क्षेत्रको विकासअन्तर्गत ग्रिन ट्रेकिङ ट्रायल निर्माणमा निरन्तरता, होमस्टे प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता

- ✓ मिटर सहितको एक घर एक धाराको नीति अनुरूप सुरक्षित खानेपानी पूर्वाधार विकाससहित गा.पा.लाई "नमूना, सफा र स्वच्छ" गाउँपालिका घोषणा गरिनेछ ।
- ✓ कृषि उत्पादनमा जोड तथा कृषि उत्पादनमा अनुदान प्रोत्साहन कार्यक्रम साथै एक वडा एक कृषि पकेट क्षेत्र विकासमा थप जोड दिने।
- ✓ यस गङ्गाजमुना गाउँपालिकामा कार्यान्वयन हुने सङ्घीय तथा प्रादेशिक योजनाहरूको अनुगमन तथा निरीक्षण प्रणालीलाई व्यवस्थित गर्न सम्वन्धित निकायहरूसँग समन्वय गरी अनुगमन तथा निरीक्षणमा जोड दिइनेछ ।
- ✓ AI सहितको संस्थागत क्षमता विकास सुशासन, जनमुखी र प्रविधिमैत्री सेवा प्रवाह
- ✓ लक्षित वर्ग कार्यक्रम (शहिद परिवार, दलित, महिला...) आदि
- ✓ विपद् जोखिम व्यवस्थापन

आदरणीय सभाका सभाध्यक्ष एवम् सभाका सदस्यज्यूहरू,

अब म आगामी आ.व. २०८३/०८४ को अनुमानित आय व्यय पेश गर्न चाहान्छु ।

आय तर्फ:

१०. आर्थिक वर्ष २०८३/०८४ का लागि वित्तीय परिचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उद्देश्य लिई सोही अनुरूप योजना तथा कार्यक्रमहरू तर्जुमा गरी रकम विनियोजन गरेको छु । आगामी आर्थिक वर्षका लागि कूल ६२ करोड ७४ लाख ९८ हजार रूपैयाँ आय प्रस्ताव गरेको छु । यस अन्तर्गत गाउँपालिकाको आन्तरिक आयबाट ९९ लाख ४३ हजार ३३० रूपैयाँ र मौज्दात संचित कोषमा रु ५ करोड ७१ लाख ९८ हजार रूपैया हाल अनुमान गरेको छु । संघीय सरकारबाट राजश्व बाँडफाडँ वापत ९ करोड १३ लाख २८ हजार रूपैयाँ, सङ्घीय वित्तीय समानीकरण वापत ११ करोड ९६ लाख रूपैयाँ, संघीय सशर्त अनुदानवापत २३ करोड २३ लाख र संघीय समपुरक अनुदान वापत१ करोड९५ लाख, सङ्घीय विशेष अनुदान वापत १ करोडप्राप्त भएको छ भने प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत ३ करोड २० लाख ९७ हजार६ सय ७०रूपैयाँ, प्रदेश वित्तीय समानीकरण वापत १ करोड ११ लाख २ हजार, प्रदेश सशर्त अनुदान वापत १ करोड ३४ लाख २९ हजार, प्रदेश समपूरक अनुदान वापत २ करोड ४० लाख र प्रदेश विशेष अनुदान वापत ७०लाख बजेट प्राप्त भएको छ । समग्रमा संघीय सरकारबाट जम्मा ४७ करोड २७ लाख२८ हजार रूपैयाँ र प्रदेश सरकारबाट ८ करोड ७६ लाख २८ हजार६ सय ७०रूपैयाँ गरी जम्मा ५६ करोड ०३लाख ५६ हजार६ सय ७०रूपैयाँ सङ्घीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त भएको छ ।

व्यय तर्फ:

११. यस आर्थिक वर्षमा जनसंख्या, भौगोलिक र राजश्वको स्थिति लगायतका सूचकहरूको आधारमास्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयानुसार सबै वडाहरूको लागि जम्मा ५ करोड५० लाख बजेट विनियोजन गरेको छु ।

१२. पूर्वाधार विकासअन्तर्गत सङ्घ र प्रदेश समपूरक तथा विशेष अनुदान र पालिका साझेदारी गरी

डाडाँगाउँ फूलखर्क चापेधारा चण्डी माछापोखरी छेलाङचिम्चोक तावल किचेत सडक स्तरोन्नती, गङ्गाजमुना गा.पा. (सङ्घ समपुरक साझेदारी)	१ करोड ८४ लाख
सुकभञ्जयाङ ढापँबजार गाउँपालिका केन्द्रसम्म सडक स्तरोन्नती, गङ्गाजमुना गा.पा.(सङ्घ समपुरक साझेदारी)	१ करोड ४२ लाख
आहालडाडाँ भोर्ले र देउराली पिप्ले सडक स्तरोन्तीवडा नं ७ र ६	२ करोड
फाप्रे कातिके नयाँ चौतारा र किन्ताङफेदीसाल्मेटार गुम्दी भिरकुना सडक स्तरोन्ती वडा नं ५,४,३	२ करोड
गङ्गाजमुना गाउँपालिका भरि आधारभूत स्वास्थ्य सेवा गुणस्तर अभिबृद्धी	१ करोड
गङ्गाजमुना खानेपानी योजना वडा नं. १	७० लाख

ठूला तथा साना सडकहरूको स्तरोन्नति, खानेपानी संरचनालगायत सार्वजनिक संरचनानिर्माण लगायतका लागि १६ करोड ६७ लाख बजेट विनियोजन गरेको छु । गाउँपालिकाबाट कार्यान्वयन हुने सम्पूर्ण योजनाहरू सञ्चालन तथा निर्माण पश्चात गरिने सार्वजनिक सुनुवाई कार्यक्रमलाई अनिवार्य गर्दै पारदर्शिता, जवाफदेहिता, सामाजिक सहभागीता र अपनत्वलाई कडाईका साथ लागु गरिनेछ । गाउँपालिकाभित्र कार्यान्वयन हुने योजनाहरूको अनुगमन तथा निरीक्षण प्रणालीलाई थप व्यवस्थित गर्दै ल्याव टेष्ट लगायत विभिन्न उपकरणहरूको प्रयोग गरी गुणस्तर परीक्षण गरी भुक्तानी गर्ने व्यवस्थालाईअझै थप प्रभावकारी बनाईनेछ।

१३. शिक्षा तर्फ सम्पुर्ण विद्यालयमा स्मार्ट टिभि,स्मार्टबोर्ड, ल्यापटप जस्ता आई सि टी सामाग्री वितरण गरी कक्षाकोठाको शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन शिक्षकको क्षमता विकासको लागि समेत आवश्यक बजेट विनियोजन गरेको छु। सम्बत २०८३ भित्र भित्र आधारभुत तहको शिक्षामा सबैको पँहुच सुनिश्चित गर्न वैकल्पिक शिक्षा समेतको व्यवस्था मिलाएको छु ।विद्यार्थी शिक्षकको प्रतिभा पहिचान, कार्यसम्पादनको आधारमा प्रोत्साहन र स्मार्ट शिक्षक विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु। १० वर्षे गाउँ शिक्षा योजना कार्यान्वयन गर्न ससर्त अनुदान बाहेक थप २ करोड २६ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

१४. यूवा तथा खेलकुद विकासका लागि १७ लाख बजेट विनियोजन गरेको छु। जस अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनको लागि १० लाख रकम विनियोजन गरेको छु।

१५. सामुदायिक सिकाइ केन्द्र मार्फत कार्यक्रम सञ्चालन गर्न वडा स्तरीय खेलकुद विकास तर्फ रु ७ लाख बजेट विनियोजन गरेको छु।

आदरणीय सभाका सभाध्यक्ष महोदय,

१६. त्यसै गरी स्वास्थ्य तर्फ सङ्घीय विशेष अनुदानबाटगङ्गाजमुना गाउँपालिका भरि आधारभूत स्वास्थ्य सेवा गुणस्तर अभिबृद्धी कार्यक्रममा १ करोड बजेट विनियोजन गरेको छु ।यस बाट स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहगुणस्तरिय रप्रविधिमैत्री बनाउन आवश्यक स्वास्थ्य उपकरण खरिद गरिने छ। त्यस्तै यस गाउँपालिकामा संचालनमा रहेको गङ्गाजमुना आधारभूत अस्पताल संचालनको लागि ९० लाख बजेट व्यवस्थापन गरेको छु। गाउँपालिकाका भित्रका स्वास्थ्य संस्थाबाट प्रभावकारी र व्यवस्थित स्वास्थ्य सेवा प्रदान गर्नका लागि दरबन्दी बमोजिम नपुग भएका स्वास्थ्य संस्थामा करार सेवामा कर्मचारी पूर्ति गरी सेवा सञ्चालनगर्नका लागि ९० लाख बजेट विनियोजन गरेको छु। साथै सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवातथा सुत्केरी महिलाको ज्यान खतरा हुने अवस्थामा निःशुल्क हवाई उद्धार सेवालाई निरन्तरता दिएको छुर एम्वुलेन्स व्यवस्थापन कार्यमा सुधार गर्ने साथै स्वास्थ्य चौकीमा सुत्केरी हुने सुत्केरी आमा पोषण कार्यक्रम लगायत सरसफाईका सामाग्री प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु । साथै गङ्गाजमुना गाउँपालिकामा स्थायीरूपमा बसोबास गर्ने दम्पतिबाट दुई भन्दा बढी सन्तान जन्माउने परिवारलाई मासिक रु १ हजार रूपैया पोषण भत्ताको व्यवस्था गरेको छु। आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम अन्तर्गत नागरिक आरोग्य केन्द्र संचालन गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु। साथै गाउँपालिकामा स्थायी ठेगाना भएका दीर्घरोगीहरूलाई दीर्घरोगी उपचार खर्च वापत प्रदान गरिदै आएको बढीमा रु १५ हजार कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिदैं आवश्यक बजेट विनियोजन गरेको छु ।उपभोक्ता हितलाई मध्यनजर राखी बजार अनुगमन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

१७. गाउँपालिकाबाट सम्पादन गरिने हरेक विकास निर्माण कार्य लगायत सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी सिद्धान्त अवलम्वन गरी सुशासन प्रवर्द्धनतथा संस्थागत विकासका लागि ४५ लाख बजेट विनियोजन गरेको छु।

१८. "गङ्गाजमुनाको कञ्चनपानी, २०८३ मा झुल्किने छ सफा र स्वच्छ बिहानी" भन्ने नारा सहित २०८३ चैत्रभित्र गङ्गाजमुना गाउँपालिकालाई नमूना सफा तथा स्वच्छ गाउँपालिका घोषणा गर्न शान्ति नेपालसँगको साझेदारीको लागि रु ५१ लाख बजेट बिनियोजन गरेको छु।

१९. पर्यटन, कला, सांस्कृतिक प्रर्वद्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। जसमा गाउँपालिकाको गौरवको आयोजना मध्ये ग्रिन ट्रेकिङ ट्रेललाई निरन्तरता दिएको छु ।पर्यटन प्रवर्द्धन तथा वडाहरूमा सञ्चालन गरिने विभिन्न धर्म, कला तथा संस्कृति कार्यक्रमलाई रु १० लाख बजेट विनियोजन गरेको छु। गङ्गाजमुनामाई मन्दिर तथा मेला व्यवस्थापन गर्न गङ्गाजमुना क्षेत्र विकास कोषको लागि रु ९ लाख बजेट विनियोजन गरेको छु।

२०. त्यसैगरी आगामी आर्थिक वर्षमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ २० लाखबजेट विनियोजन गरेको छु। जस अन्तर्गत गङ्गाजमुना गाउँपालिकाका ७ वटै वडाका दलित,महिला, बालबालिका, ज्येष्ठ नागारिक, अपाङ्ग तथा लक्षित वर्गको क्षमता विकास कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। ज्येष्ठ नागरिक सम्मान कार्यक्रम तथा भ्रमण कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको

छु । साथै ४० वर्ष पुगेका एकल महिलाको संरक्षणका लागि रु ६ लाख बजेट विनियोजन गरेको छु । स्थानीयस्तरमा रहेका बाल प्रतिभा खोजी तथा पहिचानको लागि लागि रु ४ लाख बजेट विनियोजन गरेको छु । देश र परिवर्तन र जनताका मुक्तिका खातिर जीवन आहुती गर्ने यस गाउँपालिकाका महान सहिदहरूको सम्झनामा सामाजिक संरचना, सहिद स्मारकनिर्माण सुरुवातको लागि रकम विनियोजन गरेको छु ।

२१. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४० लाख बजेट विनियोजन गरेको छु । जसमध्ये महामारी एवम् प्राकृतिक प्रकोपबाट हुने क्षतीलाई न्यूनीकरण गर्न र विभिन्न खाले पिडितहरूको लागि उद्धार तथा राहतको व्यवस्था गरिनेछ ।

२२. यस गाउँपालिकाको कृषि क्षेत्र तर्फ ४९ लाख बजेट विनियोजन गरेको छु । जसमध्ये कृषि पेशातर्फ युवाहरूलाई प्रोत्साहन तथा उन्मुख बनाउन उत्पादनमा अनुदानलाई दिईनेछ । एक वडा एक पकेट क्षेत्रको अवधारणालाई अवलम्बन गर्दै युवा रोजगारीको सिर्जना तथा कृषि व्यवसायको प्रवर्द्धन हुने कुरामा विश्वास लिएको छु । स्थानीय कृषि उत्पादनलाई बढावा दिन पक्की टनेल निर्माणको लागि रु ८ लाख विनियोजन गरेको छु ।

२३. पशु क्षेत्र तर्फ ३३ लाख ५० हजार बजेट विनियोजन गरेको छु । जसमा औषधि, पशु स्वास्थ्य वीमा,पशु पकेट क्षेत्रमा लगानी गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्यायिक समितिको अधिकारक्षेत्र भित्र पर्ने कार्यहरूलाई सामाजिक न्यायिक तवरले सम्पादन गर्न मेलमिलाप पद्धतिलाई अवलम्बन गरी थप प्रभावकारी बनाउन एवम् कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्न तथा स्थानीय तहहरूको न्यायिक समितिहरूको पदाधिकारीहरू वीच असलअभ्यास तथा अनुभव आदानप्रदान कार्यक्रमको लागिआवश्यक बजेट विनियोजन गरको छु ।

आदरणीय सभाका सभाध्यक्ष एवम् सभाका सदस्यज्यूहरू,

२५. यस आर्थिक वर्ष ०८३/०८४ को नीति, वजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव सल्लाह तथा निर्देशन प्रदान गरी सहयोग गर्नुहुने जिल्ला समन्वय समितिका प्रमुख ज्यू, गाउँपालिकाका अध्यक्षज्यू, वडाका जनप्रतिनिधिज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सामाजिक व्यक्तित्व, बुद्धिजीवी समूह, कर्मचारी साथीहरू, शिक्षक वर्ग, सुरक्षा निकाय, नागारिक समाज, सम्पूर्ण करदाता तथा गाउँपालिकाबासीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

२६. यसै गरी नीति, कार्यक्रमतथा बजेटको प्रस्ताव तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समितिका पदाधिकारीहरू लगायत तयारीमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

२७. यस गरिमामय गाउँ सभामा तपशिल बमोजिमका विधेयकहरू प्रस्तुत गर्दछु ।

तपशिल

क. गङ्गाजमुना गाउँपालिकाको आ.व. २०८३/०८४ को सेवा र कार्यहरूका लागि संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधयेक, २०८३

ख. गङ्गाजमुना गाउँपालिकाको आर्थिक विधयेक, २०८३

अन्तमा,

कार्यक्रमको सफल कार्यान्वयनमा समुदाय, जनप्रतिनिधि तथा कर्मचारीहरूको ज्यादै ठूलो भूमिका रहेको हुन्छ । तसर्थ गाउँपालिकाले घोषणा गरेका कार्यक्रमहरूमा गाउँपालिकाबासीहरूले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुग्ने, पुर्‍याउने अपेक्षा लिएको छु । योजना तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा गुणात्मक सुधार ल्याई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । यसबाट भविष्यमा स्थानीय सरकारलाई तुलनात्मक रूपमा सुदृढ, व्यवस्थित, सक्षम बनाउन सकिने विश्वास लिएको छु ।गाउँपालिकाले गरेका क्रियाकलापहरूलाई आत्मसात गर्दै समग्र विकासको लागि तथ्य प्रमाणको आधारमा रचनात्मक सुझावको अपेक्षा गरेका छौ । आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनमा जनप्रतिनिधि, गाउँपालिकाबासी, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, राष्ट्रसेवककर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा गर्दै सबल, सक्षम, समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा आ–आफ्नो ठाउँबाट सक्दो योगदानका साथ सहयोग पुर्‍याउन हुन हार्दिक आव्हान तथा अनुरोध गर्दछु ।

धन्यवाद ।

गङ्गाजमुना गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रस्तावना

नेपालको संविधानको धारा २२८ को उपाधारा (२) मा भएको व्यवस्था र गङ्गाजमुना गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को अर्थसम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न स्थानिय कर, दस्तुर गैरकर तथा शुल्क संकलन गर्न छुट दिने एंव राजश्व संकलन को प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँसभाले यो विधियेक तर्जुमा गरी स्वीकृत गरेकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम गङ्गाजमुना गाउँपालिकाको आर्थिक ऐन २०८३ रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि गङ्गाजमुना गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ।

२. परिभाषा र व्याख्या विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(१) "सम्पतिकर" भन्नाले कुनै व्यक्ति वा संस्थाको स्वमित्वमा गाउँपालिका क्षेत्रभित्र रहेको जग्गा र सो जग्गामा बनेको स्थायी संरचना (घर,गोठ,टहरा,गोदाम आदि समेतमा) गाउँपालिकाले लगाउने कर भन्ने वुझिन्छ।

(२) "घरजग्गा कर" भन्नाले सम्पति कर नलागाएको जग्गामा बनेको घर र सोही जग्गामा लगाईने कर भन्ने बुझिन्छ। "मालपोत" भन्नाले सम्पति कर नलगाईएको जग्गामा लगाईने मालपोत वा भुमिकर भन्ने बुझिन्छ।

(३) "घर वहाल कर" भन्नाले गाउँपालिकाको क्षेत्रभित्र व्यक्ति वा संस्थाले व्यापारिक भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, जग्गा आदि पूरै वा आशिक तबरले बहालमा लिए दिए वापत गाउँपालिकाले लगाउने कर भन्ने बुझिन्छ।

(४) "व्यवसायकर" भन्नाले गाउँपालिका क्षेत्रभित्र व्यापार व्यबसाय सेवामा पूजीगत लगानि र आर्थिक कारोबार समेतको आधारमा गाउँपालिकाले लगाउने कर भन्ने बुझिन्छ।

(५) "कवाडीकर" भन्नाले गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भइ बिक्रि हुने कवाडी बस्तुहरूमा गाउँपलिकाले लगाउने कर भन्ने बुझिन्छ।

(६) "पशु हाट सेवा शुल्क" भन्नाले गाउँपालिकाले आफै निर्माण गरेको वा कुनै निकायबाट गाउँपालिकालाई हस्तानान्तरण भई आएको पशु हाटबजारमा सो सम्वन्धि सेवा प्रवाह गरे वापत गाउँपालिकाले लगाउने शुल्क भन्ने बुझिन्छ।

(७) "सेवा शुल्क तथा दस्तुर" भन्नाले गाउँपालिका आफैले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका स्थानिय पूर्वधार र उपलव्ध गराएको सेवामा गाउँपालिकाले लगाउने शुल्क दस्तुर भन्ने बुझिन्छ।

(८) "घर नक्सा पास दस्तुर" भन्नाले गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बनेका भौतिक संरचनाहरूको नक्सापास वापत गाउँपालिकाले लगाउने दस्तुर भन्ने बुझिन्छ।

(९) "बहाल बिटौरी शुल्क" भन्नाले गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफैले निर्माण गरेका वा रेखदेख वा सञ्चालन गरेका पसल कवल/स्टल वा हाटबजार मा गाउँपालिकाले लगाउने शुल्क भन्ने बुझिन्छ।

(१०) "विज्ञापनकर" भन्नाले गाउँपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका व्यवसायिक प्रचार प्रसार सामाग्री वा विज्ञापनमा प्रदेश कानून वमोजिम गाउँपालिकाले लगाउने कर भन्ने बुझिन्छ।

(११) "मनोरञ्जनकर" भन्नाले गाउँपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका मनोरञ्जन व्यवसायमा प्रदेश कानून बमोजिम तोकिएको दररेट बमोजिम गाउँपालिकाले लगाउने कर भन्ने बुझिन्छ।

(१२) "पर्यटनशुल्क" भन्नाले गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट प्रदेश कानूनअनुसार तोकिएको दररेट बमोजिम गाउँपालिकाले उठाउने कर भन्ने बुझिन्छ।

(१३) "प्राकृतिक स्रोतको उत्खनन्, उपयोग, बिक्रि, बितरण, निकासि, शुल्क" भन्नाले गाउँपालिकाले चर्चेको क्षेत्रभित्र IEE र EIA गरेको स्थानबाट प्राकृतिक स्रोत (ढुङ्गा गिटि बालुवा माटो काठ दाउरा जराजुरी स्लेट लगाएतको उत्खनन् उपयोग बिक्रि वितरण निकासि गरेबापत प्रदेश कानूनले तोकेबमोजिम गाउँपालिकाले बुझाउने शुल्क भन्ने बुझिन्छ।

३. **सम्पति कर:** (१) गाउँ पालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वमित्वमा रहेको घर वा सो घरले चर्चेको जग्गा मा सम्पतिकर लगाउने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने करको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम सम्पतिकर प्रयोजनका लागि घरको र जग्गाको मूल्याङकन दर अनुसूची-२ तथा घरको ह्रासकट्टि दर अनुसूची-३ मा उल्लेख भए बमोजिमा हुनेछ।

४. **मालपोत:** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पतिकर लाग्ने बाहेकका अन्य जग्गामा क्षेत्रफलको आधारमा मालपोत (भूमिकर) लगाउने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने मालपोतको दर अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ।

५. **घरजग्गा बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर घरकोछत, पसल, ग्यारेज, गोदाम टहरा, सेड, कारखाना वा जग्गा पूरै वा आंशिक तबरले बहालमा बहाल कर लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची-५ मा तोकिए बमोजिम हुनेछ।

६. **व्यवसाय कर:** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्दोग, व्यापार वा व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूजी लगानी र आर्थिक कारोवारका आधारमा वर्गिकरण गरि व्यवसाय कर लगाईने वा असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर असुलि गर्दा बैंक तथा वित्तिय संस्था र प्रत्येक कारोबार स्थल अलग अलग इकाई मानी कर असुल गरिनेछ।

(३) उपदफा (१) (२) बमोजिम लगाईने व्यवसाय कर को दर अनुसूची-६ मा तोकिएबमोजिम हुनेछ।

७. **जडिबुटी, कबाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएका जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूची-७ बमोजिम जडीबुटि, कबाडी तथा जीवजन्तु कर लगाईने र

असुल उपर गरिनेछ । तर त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाईएको अवस्थामा यस दफा बमोजिमको कर लगाईने छैन ।

८. **सवारि साधन कर**: (१) गाउँपालिका क्षेत्रभित्र रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सा जस्ता सवारि साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारि साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने सवारि साधन कर को दर अनुसूची- ८ मा तोकिए बमोजिम हुनेछ ।

९. **विज्ञापन कर:** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचार प्रसार आदिका लागी राख्नदिने साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने विज्ञापन करको दर अनुसूची -९ मा तोकिए बमोजिम हुनेछ ।

१०. **मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका मनोरञ्जन व्यवसायमा अनुसूची -१० बमोजिम मनोरञ्जन कर लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानूनले तोके बमोजिमका सेवार क्षेत्रमा सोही कानूनमा तोकिए बमोजिम गरिनेछ ।

११. **बहाल बिटौरि शुल्क:** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरि शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने बहाल विटौरी करको दर अनुसूची -११ मा तोकिए बमोजिम हुनेछ ।

तर शुल्क तिरेको आधारमा सम्वन्धित व्यक्तिको नाममा त्यस्ता जग्गाको स्वमित्व कायम वा हस्तानान्तरण भएको मानिने छैन ।

१२. **सेवा शुल्क दस्तुर:** गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत उपलब्ध गराउने सिफारिस, प्रमाणित, नक्सा पास इजाजत जस्ता प्रशासनिक सेवामा अनुसूची -१२ मा उल्लेखित दरमा सेवा शुल्क तथा दस्तुर लगाई असुल उपर गरिनेछ ।

१३. **प्राकृतिक स्रोतको उत्खनन् उपयोग तथा बिक्री शुल्क:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्याङकन वा प्राराम्भिक वातावरणीय परीक्षणगरी त्यसमा तोकीएको परिमाणमा स्लेट, ढुङ्गा, बालुवा, एवम् माटोजन्य बस्तुहरूको उत्खनन् तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक एवं ऐलानी जग्गामा रहेको काठ, दाउरा, जराजुरी आदिको उपयोग र बिक्री गरेवापत अनुसूचि-१३ माउल्लेख भएबजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्लेट, ढुङ्गागिट्टी, बालुवा एवं माटोजन्य वस्तुहरू आदि बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ठेक्का निर्धारण नभएमा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले अमानत विधिबाट बिक्री गरी रकम संकलन गर्न सक्नेछ ।

१४. **भवन भाडामा लगाउन सक्ने:** गाउँपालिकाले आफ्नो स्वमित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पतिमा अनुसूची -१४ मा उल्लेखित दरमा भाडामा लगाउन सक्नेछ ।

१५. **सामुदायिक बनबाट आय प्राप्त गर्ने:** (१) सामुदयिक वन उपभोक्ता समितिले वन पैदवार बिक्री तथा उपयोग सम्वन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वार्षिक कार्ययोजना स्वीकृत शुल्क र वनपैदवार बिक्री वापत प्राप्त हुने रकमको अनुसूची -१५ मा उल्लेखित भएबमोजिम गाउँपालिकामा वा संचितकोषमा जम्मा गर्नुपर्नेछ।

१६. **जरिवाना, ब्याज, हर्जना दण्ड:**(१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महशुल चालु आ.व को पौष मसान्तसम्म नियमअनुसार हुने र पौष मसान्तपछी थप २५ प्रतिशत जरिवाना लाग्नेछ ।साथै प्रचलित कानून पालना नगरेको कसूरमा अनुसूची -१६ मा उल्लेख गरिएको व्यवस्था तथा दरमा र सो दर नतोकिएकोमा कार्यपालिकाबाट तोकिएको दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ।

१७. **कर छुट:** (१) गाउँपालिकालाई वार्षिक रूपमा तिर्नुपर्ने कर सोही आर्थिक वर्षको असोज मसान्तभित्र र मासिक रूपमा बुझाउनु पर्ने कर महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमअनुसार लाग्ने करको क्रमशःपाँच प्रतिशत छुट दिईनेछ।

(२) महिला, बालबालिका, दलित तथा अपाङ्गता भएका व्याक्तिको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिइनेछ।

(३) गाउँपालिका क्षेत्रभित्र दर्ता गरी सञ्चालन गर्ने कृषि समुहलाई निःशुल्क दर्ता गरिनेछ।

(४) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनितिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थाको सम्पति, बस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइनेछ।

(५) यस गाउँपालिकामा अघिल्ला आर्थिक वर्षहरूमा दर्ता भई नविकरण हुन बाँकी सम्पूर्ण व्यवसाय फर्म वा संघ संस्थाहरूलाई एकपटकको लागी मिति २०८३ साल पुष मसान्त सम्म नवीकरण गर्दा जरीवाना शुल्क छुट गरिनेछ।

